हरिनास गाउँपालिकाको ..१३..औं बैठक

मिति :-२०८०/११/०२

समय:-११:३० बजे

स्थान:-हरिनास गाउँपालिकाको बैठक कक्ष

आज मिति २०८०।११।०२ गतेका दिन यस हरिनास गाउँपालिकाका अध्यक्ष श्री खिम नारायण मानन्धर ज्यूको अध्यक्षतामा निम्नानुसारका गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी निम्न निर्णयहरु गरियो ।

तपशिलः

| पदाधिकारीको नाम थर | पद | दस्तखत |
|---|---|---|
| श्री खिम नारायण मानन्धर | गाउँपालिका अध्यक्ष | |
| श्री इन्द्रकुमारी थापा राना | गाउँपालिका उपाध्यक्ष | |
| श्री इन्द्र बहादुर गुरुङ | वडाध्यक्ष वडा नं. १ | |
| श्री चित्र वहादुर थापा | वडाध्यक्ष वडा नं. २ | |
| श्री ओम प्रकाश सिग्देल | वडाध्यक्ष वडा नं ३ | |
| श्री सन्त वहादुर थापा | वडाध्यक्ष वडा नं ४ | |
| श्री निर्मल लम्साल | वडाध्यक्ष वडा नं ५ | |
| श्री दिल वहादुर राना | वडाध्यक्ष वडा नं ६ | |
| श्री भरत थापा | वडाध्यक्ष वडा नं ७ | |
| श्री उजेली नेपाली दर्जी | कार्यपालिका सदस्य | |
| श्री इन्द्र कुमारी थापा | कार्यपालिका सदस्य | |
| श्री बुद्धिमाया बि.क. | कार्यपालिका सदस्य | |
| श्री धनमाया राना | कार्यपालिका सदस्य | |
| श्री अमृत भुजेल | कार्यपालिका सदस्य | |
| श्री डोल वहादुर नेपली | कार्यपालिका सदस्य | |
| श्री राम प्रसाद शर्मा | सदस्य-सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |

हरिनास गाउँपालिकाको १३ औं बैठक

मिति :-२०८०/११/०२
समयः-११:३० बजे
स्थानः-हरिनास गाउँपालिकाको बैठक कक्ष

| | | |
|---|---|---|
| अन्य उपस्थिति | | |
| श्री बिदुर सिग्देल | अधिकृत छैठौं | |
| श्री लाल चन गैहे | लेखापाल | |
| श्री पर्शुराम सिग्देल | अध्यक्ष ज्युको स्वकीय सचिव | |
| श्री राजिव घिमिरे | सूचना प्र. अधिकृत | |

<u>बैठकका एजेण्डा</u>

१. गत बैठकको समिक्षा ।
२. प्रमुख प्रशासकीय अधिकृत ज्युको स्वागत सम्मान सम्बन्धमा ।
३. १४ औं गाउँ सभा सम्बन्धमा ।
४. अध्यक्ष कप सम्बन्धमा ।
५. सार्वजनिक सुनुवाई सम्बन्धमा ।
६. आगामी कार्यपालिका बैठक सम्बन्धमा ।
७. अन्य बिबिध सम्बन्धमा ।

निर्णय नं १ प्रस्ताव नं १ माथी छलफल गर्दा गत कार्यपालिका बैठकमा भएका सेवा प्रवाह संग सम्बन्धित विषयहरुमा समिक्षा सहितको निर्णयहरुको गरियो ।

निर्णय नं.२ प्रस्ताव नं २ माथी छलफल गर्दा यस हरिनास गाउँपालिका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट सरुवा भै आउनु भएका प्रमुख प्रशासकीय अधिकृत श्री राम प्रसाद शर्मा ज्युलाई हरिनासगाउँपालिकाको तर्फबाट हार्दिक स्वागत सम्मान गर्दै सफल कार्यकालको शुभकामना व्यक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.३ प्रस्ताव नं ३ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकाको १४ गाउँसभा यहि मिति २०८० फाल्गुन ६ गते दिनको १२:१५ बजे हरिनास गाउँपालिकाको सभा कक्षमा आवहान गर्ने निर्णय गरियो ।

निर्णय नं.४ प्रस्ताव नं ४ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकामा संचालन हुदै आएको अध्यक्ष कप यहि मिति २०८०/११/१७ देखि १९ सम्म वडा स्तरीय खेलकुद प्रतियोगितासंचालन गर्ने र उक्त कपमा निम्न बमोजिमका खेल विधा तथा पुरस्कारप्रदान गर्ने निर्णय गरियो ।

मिति :-२०८०/११/०२
समय:-११:३० बजे
स्थान:-हरिनास गाउँपालिकाको बैठक कक्ष

तपशिल

| क्रस | समाबेश हुने खेल विधा | पुरस्कार रकम | कै |
|---|---|---|---|
| १ | पुरुष भलिवल प्रतियोगिता | ७५,६०,४५,३० हजार | |
| २ | महिला भलिवल प्रतियोगिता | ५०,४०,३०,२० हजार | |
| ३ | पुरुष भलिवल प्रतियोगिताभेट्रान्स | ५०,४०,३०,२० हजार | |

साथै उक्त कार्यक्रममा सहभागी हुन् आउदा जाँदा वडा कार्यालयलाई एक मुष्ठ रु २००००|बिस हजार मात्र यातायात खर्च स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं.५ प्रस्ताव नं ५ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकाको सेवा प्रवाह लगएतका बिषयमा नागरिक संगको अन्तरक्रिया कार्यक्रम सार्वजनिक सुनुवाई मिति २०८०/११/०४ गते हरिनास गाउँपालिका वडा ४ रोदिखोलामा योजना गर्ने र उक्त कार्यक्रममा सम्पूर्ण कार्यपालिका सदस्य ज्युहरु सम्पूर्ण सवै कर्मचारीहरु एवम अन्य सरोकारवाला सवैमा उपस्थितीको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं.६ प्रस्ताव नं ६ माथी छलफल गर्दा यस हरिनास गाउँपालिकाको १४ औं कार्यपलिका बैठक यहि मिति २०८०/११/०४ गते १०:०० बजे गाउँकार्यापलिकाको कार्यालयमा बस्ने निर्णय गरियो ।



CamScanner